आमाछोदिङमो गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

गोल्जुङवेशी,रसुवा

बागमती प्रदेश, नेपाल

**कर्मचारी पदपूर्ति सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति २०८१/०९/०८**

यस गाउँपालिकाको विभिन्न स्वास्थ्य संस्थाहरुमा देहायको पदहरु करार सेवाबाट पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र माग बमोजिमका कागजातहरु स्वयं कार्यालयमा उपस्थित भई दरखास्त दिनु हुन सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र. सं | विज्ञापन नं | पद | तह | माग पद संख्या | परिक्षा दस्तुर रु | न्यूनतम शैक्षिक योग्यता | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | १०/०८१/०८२ | हेल्थ असिस्टेन्ट | पाँचौ | १ | ७००।- | मान्यता प्राप्त शिक्षण संस्थाबाट स्वास्थ्य विषयमा प्रमाण तह पास गरेको | |
| २ | ११/०८१/०८२ | अ.हे.ब. | चौथो | ३ | ५००।- | मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.हे.ब बिषयको १८ महिने कोर्स उत्तिर्ण गरेको | |
| ३ | १२/०८१/०८२ | अ.न.मी | चौथो | ४ | ५००।- | मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.न.मी बिषयमा १८ महिने कोर्ष उत्तिर्ण गरेको | SBA तालिम प्राप्त गरेकोलाई बिशेष प्राथमिकता दिईनेछ |
| ४ | १३/०८१/०८२ | रेडियोग्राफर | चौथो | १ | ७००।- | मान्यता प्राप्त शिक्षण संस्थाबाट रेडियो ग्राफर बिषय उत्तिर्ण गरेको | |
| ५ | १४/०८१/०८२ | कार्यालय सहयोगी | श्रेणी बिहिन | १ | २००।- | साधारण लेखपढ | |

१) उमेर : दरखास्त दिने अन्तिम मितिसम्म १८ बर्ष पूरा भई ४० वर्ष ननाघेको हुनु पर्ने छ ।

२) दरखास्त दिने फारम प्राप्त गर्ने स्थानः आमाछोदिङमो गाउँपालिकाको कार्यालय गोल्जुङ, बेसी, रसुवा ।

३) दरखास्त दिने मितिः २०८१/०९/०८ देखि २०८१/०९/२२ गते सम्म (अन्तिम दिन सार्वजनिक बिदा परेमा सोको भोलीपल्ट कार्यालय खुल्ने दिन)

४) करार सेवाको अवधिः २०८२ साल असार मसान्तसम्म ।

५) छनौटको किसिम : छोटो सूची प्रकाशन र अन्तर्वार्ता परीक्षाबाट हुनेछ।

६) निवेदनको साथ संलग्न कागजातहरुः आवेदक स्वयंले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु

क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, ख) न्यूनतम शैक्षिक योग्यताको ट्रान्सक्रिप्ट तथा चारित्रिक प्रमाणपत्रको प्रतिलिपि,

ग) प्रचलित कानून बमोजिम काउन्सिल दर्ता प्रमाणपत्रको प्रतिलिपि, घ) कार्य अनुभवको प्रमाणपत्रको प्रतिलिपि, (सम्बन्धित विषयमा न्यूनतम १ बर्ष कार्य अनुभव पूरा भएको गणना गरिनेछ भने अधिकतम १० बर्षको अनुभव मात्र गणना गरिने (ङ) ३ (तीन) प्रति पासपोर्ट साइजको फोटो, च) स्थानीयको हकमा नागरिकता प्रमाणपत्रको प्रतिलिपि वा स्थानीय पञ्जिकाधिकारीद्वारा जारी भएको प्रमाणपत्र (बसाईसराई, विवाह दर्ता) को प्रतिलिपि पेश गर्नुपर्नेछ ।

छ) नेपाल बाहेक अन्य मुलुकबाट हासिल गरेको शैक्षिक योग्यता भएमा सोको साथमा त्रिभुवन विश्वविद्यालयबाट समकक्ष निर्धारण गरेको प्रमाणपत्र समेत पेश गर्नुपर्नेछ

७) पारिश्रमिक तथा सेवा सुविधाः नेपाल सरकारको नियमानुसार हुनेछ।

८) कार्यविवरण : गाउँपालिकाले तोके बमोजिम हुनेछ।

९) दरखास्त दस्तुर आमाछोदिङमो गाउँपालिकाको राजश्व शाखामा दाखिला गर्न सकिनेछ ।

१०) तोकिएको आवश्यक न्यूनतम शैक्षिक योग्यता नभएको दरखास्त उपर कुनै कारवाही हुने छैन। साथै गलत विवरण उल्लेख गरी दरखास्त फारम भरेमा सोको जवाफदेही दरखास्तवाला स्वयम हुनुपर्नेछ ।

११) परीक्षा कार्यक्रम तथा अन्तरवार्ताको मिति पछी प्रकाशन गरिनेछ ।

**नोटः पदपूर्ति सम्बन्धी आवश्यक प्रक्रिया आमाछोदिङमो गाउँपालिकाको, काररमा कर्मचारी व्यवास्थापन गर्ने कार्यविधी, २०७५ बमोजिम हुनेछ ।**

**थप जानकारिको लागि फोन नं. ९७६६४३०६०२ मा सम्पर्क गर्न सकिने छ ।**

संयोजक

पदपूर्ति समिति

Web: www.aamachhodingmo.gov.np Email: aamachhodingmo@gmail.com

Contact: 97466430600, 9766430602